**29th of AUG**

**आकाशवाणी**

**मुख्य समाचार**

- **राष्ट्रिय खेलकुद दिवसको अवसरमा प्रधानमन्त्री श्री मोदीले दिनुभयो देशवासीलाई शुभकामना**
- **विगत 10 वर्षमा महिलाको हित र समृद्धिका लागि अभूतपूर्व काम भएको प्रधानमन्त्रीको दावी**
- **गुजरातका बाढी प्रभावित जिल्लाहरुमा राहत र उद्धार कार्य तिब्र ; प्रधानमन्त्रीले केन्द्रबाट सक्दो सहयोग गर्ने दिनुभयो आश्वासन**
- **निर्वाचन आयोगले गर्यो जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको लागि सूचना जारी; सेप्टेम्बर 25 मा हुनेछ मतदान**
- **बिहारका मुख्यमन्त्रीले गर्नुभयो अत्याधुनिक खेलकुद प्रतिष्ठानको उद्घाटन; 90 एकरको क्षेत्रफलमा फैलिने छ यो प्रतिष्ठान**

**राष्ट्रिय खेलकुद दिवसको अवसरमा प्रधानमन्त्री श्री मोदीले दिनुभयो देशवनसीलाई शुभकामना**

आज राष्ट्रिय खेलकुद दिवस पालन भयो। यो दिवस महान हक्की खेलाडी मेजर ध्यान चन्दको जन्मजयन्तीको अवसरमा मनाइन्छ। यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज सरकारले खेलकुदलाई समर्थन गर्न र खेलकुद प्रतिभा प्रदर्शनमा थप युवाहरूलाई समर्थन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले राष्ट्रिय खेलकुद दिवसको अवसरमा आफ्नो शुभकामना व्यक्त गर्नुभएको छ। देशले आज भारतीय हक्की खेलाडी मेजर ध्यानचन्दलाई श्रद्धाञ्जली अर्पण गरिरहेको पनि उहाँले बताउनुभयो। उहाँले आज देशका लागि खेल्ने सबै खेलप्रेमी र खेलाडीलाई सम्मान गर्ने अवसर रहेको बताउनुभयो।

युवा मामिला तथा खेलकुद मन्त्री डा मनसुख माण्डवीयले राष्ट्रिय खेलकुद दिवसको अवसरमा कम्तीमा प्रत्येक दिन एक घण्टा खेलकुदलाई समर्पित गर्न सबै नागरिकलाई आह्वान गर्नुभएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सपना भारतलाई एउटा फिट राष्ट्र बनाउनु रहेको पनि उहाँले बताउनुभयो। यसरी नै केन्द्रीय सडक यातायात र राजमार्ग मन्त्री श्री नितिन गडकरीले मेजर ध्यानचन्दलाई उहाँको जन्मजयन्तीमा श्रद्धांजलि अर्पण गर्नुभएको छ। उहाँले राष्ट्रिय खेलकुद दिवसको अवसरमा सम्पूर्ण देशबासीमा शुभकामना पनि व्यक्त गर्नुभएको छ। प्रत्येक वर्ष 29 अगस्टको दिन मनाइने राष्ट्रिय खेलकुद दिवस भारतीय हक्कीमा मेजर ध्यान चन्दको विरासतलाई सम्मान जनाउने अनि शारीरिक गतिविधि र खेलकुदको महत्त्व झल्काउने दिन हो।

**प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि महाराष्ट्रको मुम्बई र पालघरको भ्रमण गर्नुहुनेछ**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि महाराष्ट्रको मुम्बई र पालघरको भ्रमण गर्नुहुनेछ। श्री मोदीले मुम्बईको **jio** विश्व सम्मेलनमा ग्लोबल **fintek** फेस्टिभल **2024** लाई सम्बोधन गर्नुहुने छ। त्यसपछि, प्रधानमन्त्रीले पालघरको सिडको मैदानमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले लगभग **1,560** करोड रुपैयाँ लागतको **218** माछापालन परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुने छ।

**विगत 10 वर्षमा महिलाको हित र समृद्धिका लागि अभूतपूर्व काम भएको प्रधानमन्त्रीको दावी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विगत 10 वर्षमा महिलाको हित र समृद्धिका लागि अभूतपूर्व काम भएको बताउनु भएको छ। केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहानको सामाजिक सञ्जालको पोष्टको जवाफ दिँदै प्रधानमन्त्रीले भन्नुभयो 'देशमा महिलालाई अगाडि बढाउन शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरण सुनिश्चित गरिएको छ।

**प्रधानमन्त्री जन धन योजना शुरु भएको हिजो 10 वर्ष पूरा भयो।।**

प्रधानमन्त्री जन धन योजना शुरु भएको हिजो 10 वर्ष पूरा भयो।। उत्तर प्रदेश, 9 करोड छयालिस लाख भन्दा बढी जन धन खाताहरू भएको अग्रणी राज्य बनेको छ। यस अवधिमा देशभर 53 करोड भन्दा खाता बढी खोलिएको थियो। उत्तर प्रदेशमा लगभग 5 करोड जनधन खाता महिलाको छ। उत्तर प्रदेश जन धन खाताहरू मार्फत रुपे कार्डहरूको वितरणमा पनि अग्रणी छ।

**गुजरातमा बाढी प्रभावित जिल्लाहरुमा राहत र उद्धार कार्य तिब्र ; प्रधानमन्त्रीले केन्द्रबाट सक्दो सहयोग गर्ने दिनुभयो आश्वासन**

गुजरातमा, मध्य र दक्षिणी क्षेत्रहरूमा वर्षा कम भएता पनि सौराष्ट्र र कच्छ क्षेत्रहरूमा हल्का देखि मध्यम वर्षा भइनै रहेको छ। बाढी प्रभावित जिल्लाहरुमा राहत र उद्धार कार्य तिब्र रुपमा भइरहेको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मुख्यमन्त्री श्री भूपेन्द्र पटेलसँग कुराकानी गर्दै बाढी प्रभावित क्षेत्रमा राहत कार्यको जानकारी लिनुभयो। उहाले बाढी प्रभावित क्षेत्रमा सरसफाइ र जनस्वास्थ्य कार्यलाई तीव्रता दिन प्रशासनलाई निर्देशन दिनुभएको छ। प्रधानमन्त्रीले केन्द्रबाट सक्दो सहयोग गर्ने आश्वासन पनि दिनुभएको छ। बाढी प्रभावित जिल्लामा सरसफाइ कार्य गर्न 4 दिनका लागि लगभग 35 स्वास्थ्य टोली पठाइएको संवाददाताले जानकारी दिएका छन्।

**निर्वाचन आयोगले गर्यो जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको लागि सूचना जारी; सेप्टेम्बर 25 मा हुनेछ मतदान**

भारतीय निर्वाचन आयोगले जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको लागि सूचना जारी गरेको छ। यससँगै उम्मेदवारी भर्ना काम सुरु भएको छ। उम्मेदवारी भर्ना गर्ने अन्तिम मिति 5 सिप्टेमबर रहेको छ भने 6 सिप्टेमबरमा उम्मेदवारीताको छानबिन हुनेछ। 9 सिप्टेम्बरसम्म उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् भने सेप्टेम्बर 25 मा मतदान हुनेछ। यस चरणमा 6 जिल्लाका 26 विधानसभा सिटमा मतदान हुँनेछ। सबै चरणको सिटको परिणाम 4 अक्टुबरमा घोषणा हुनेछ।

**बिहारका मुख्यमन्त्रीले गर्नुभयो अत्याधुनिक खेलकुद प्रतिष्ठान उद्घाटन; 90 एकरको क्षेत्रफलमा फैलिने छ यो प्रतिष्ठान**

बिहारका मुख्यमन्त्री श्री नितिश कुमारले राष्ट्रिय खेलकुद दिवसको अवसरमा आज राजगीरमा अन्तर्राष्ट्रिय स्तरको खेलकुद एकेडेमी, खेलकुद परिसर र खेलकुद विश्वविद्यालयको उद्घाटन गर्नुभयो। 90 ऐकरको क्षेत्रफलमा फैलिएको अत्याधुनिक खेलकुद प्रतिष्ठान र खेलकुद परिसर निर्माण गर्न 7 सय 50 करोड रुपैयाँ लाग्ने छ। खेलकुद विभागका प्रमुख सचिव श्री बी. राजेन्दरले यस complex मा 24 वटा खेलकुद कार्यक्रम गर्न सकिने बताउनु भयो। जसमा 10 वटा आउटडोर र 14 वटा इनडोर खेलहरू समावेश हुनेछन्। यसमा बिहारको पहिलो Astro turf हक्की स्टेडियम पनि हुनेछन्। खेलकुद परिसरमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला पनि निर्माण भइरहेको छ, जसमा आईपीएल प्रतियोगिता लगायतका अन्तर्राष्ट्रिय खेलहरू आयोजना गर्न सकिनेछ। क्रिकेट रंगशालाको 2025 सम्ममा निर्माण कार्य सम्पन्न हुने सम्भावना राखिएको छ।

**सुश्री मायावतीले महिलामाथि हुने अपराधका घटना अत्यन्तै चिन्ताजनक रहेको भन्दै राजनीतिक दलहरूलाई राजनीतिभन्दा माथि उठेर यसलाई रोक्ने गर्नुभयो आग्रह**

बहुजन समाज पार्टीकी प्रमुख सुश्री मायावतीले महिलामाथि हुने अपराधका घटना अत्यन्तै चिन्ताजनक रहेको भन्दै राजनीतिक दलहरूलाई दलीय राजनीतिभन्दा माथि उठेर त्यसलाई रोक्न कडा कदम चाल्न आग्रह गर्नुभएको छ। सोसल मिडिया प्लेटफर्म मार्फत आफ्नो बयानमा सुश्री मायावतीले बंगाल, महाराष्ट्रको बदलापुर, बिहार र उत्तर प्रदेशको कन्नौज, आगरा र farukhbad जिल्लामा विशेषगरी निर्दोष बालिका र महिलाको बलात्कार, हत्या र आत्महत्याका घटनाहरू अत्यन्तै गम्भीर अनि चिन्ताजनक रहेको बताउनुभएको छ। उहाको यो टिप्पणी आर.जी. कार मेडीकल कलेजमा प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्यालाई लिएर राष्ट्रव्यापी आक्रोशको पृष्ठभूमिमा आएको हो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **राष्ट्रिय खेलकुद दिवसको अवसरमा प्रधानमन्त्री श्री मोदीले दिनुभयो देशवनसीलाई शुभकामना**
- **विगत 10 वर्षमा महिलाको हित र समृद्धिका लागि अभूतपूर्व काम भएको प्रधानमन्त्रीको दावी**
- **गुजरातमा बाढी प्रभावित जिल्लाहरुमा राहत र उद्धार कार्य तिब्र ; प्रधानमन्त्रीले केन्द्रबाट सक्दो सहयोग गर्ने दिनुभयो आश्वासन**
- **निर्वाचन आयोगले गर्यो जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको लागि सूचना जारी; सेप्टेम्बर 25 मा हुनेछ मतदान**
- **बिहारका मुख्यमन्त्रीले गर्नुभयो अत्याधुनिक खेलकुद प्रतिष्ठान उद्घाटन; 90 एकरको क्षेत्रफलमा फैलिने छ यो प्रतिष्ठान**